श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. २८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर श्रोजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

त्रिभुवन विश्वविद्यालय ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "त्रिभुवन विश्वविद्यालय (दोस्रो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ को दफा २ मा संशोधनः त्रिभुवन विश्वविद्यालय ऐन २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

"२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "विश्वविद्यालय" भन्नाले यो ऐनबमोजिमको त्रिभुवन विश्वविद्यालय सम्झनुपर्छ ।

६७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "सभा" भन्नाले विश्वविद्यालय सभा सम्झनुपर्छ ।

(ग) "केन्द्रीय कार्यालय" भन्नाले उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र विश्वविद्यालय सेवा आयोगका कार्यालयहरूको सामूहिक रूपलाई जनाउँछ ।

(घ) "अध्ययन संस्थान" भन्नाले यो ऐनबमोजिमको अध्ययन संस्थान सम्झनुपर्छ ।

(ङ) "अनुसन्धान केन्द्र" भन्नाले यो ऐनबमोजिमको अनुसन्धान केन्द्र सम्झनुपर्छ ।

(च) "डीन" भन्नाले अध्ययन संस्थानको प्रमुख सम्झनुपर्छ ।

(छ) "कार्यकारी निर्देशक" भन्नाले अनुसन्धान केन्द्रको प्रमुख सम्झनुपर्छ ।

(ज) "शिक्षक" भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान कार्यमा निर्देशन गर्ने प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक तथा सहायक प्राध्यापक सम्झनुपर्छ र सो शब्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक तथा यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा "शिक्षक" भनी तोकिएको व्यक्तिलाई समेत जनाउँछ ।

(झ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को, –

(१) खण्ड (छ), (ज) र (झ) को सट्टा देहायको खण्ड (छ), (ज) र (झ) राखिएका छन्ः–

"(छ) शिक्षाध्यक्ष (रेक्टर) – – – सदस्य–सचिव

(ज) रजिष्ट्रार – – – सदस्य

(झ) डीनहरू – – – सदस्य"

(२) खण्ड (झ) पछि देहायको खण्ड (झ १) थपिएको छः–

(झ १) कार्यकारी निर्देशकहरू – – सदस्य

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. विश्वविद्यालयको संगठनः (१) कुलपति, सह-कुलपति, केन्द्रीय कार्यालय र अध्ययन संस्थानहरूको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछ ।

(२) उच्च शिक्षाको लागि तोकिएको विषयहरूमा तोकिएको अध्ययन संस्थानहरू रहनेछन् ।

(३) श्री ५ महाराजाधिराजबाट कुनै अध्ययन संस्थानलाई शाही अध्ययन संस्थानको बडापत्र बक्सेमा सो अध्ययन संस्थानले शाही अध्ययन संस्थानको रूपमा नाम धारण गर्न पाउनेछ ।

(४) अध्ययन संस्थानको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) प्रत्येक अध्ययन संस्थानमा एउटा विद्यापरिषद् (फेकल्टी बोर्ड) रहनेछ जसको काम, कर्त्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।

(६) प्रत्येक अध्ययन संस्थानको एउटा केन्द्रीय क्याम्पस र आवश्यकतानुसार विभिन्न क्याम्पसहरू रहन सक्नेछन् ।

(७) अध्ययन संस्थानहरू केन्द्रीय कार्यालयको सामान्य रेखदेख तथा नियन्त्रणमा रहनेछन् ।"

५. मूल ऐनको दफा ६ मा संशोधन: मूल ऐनको दफा ६ को, –

(१) खण्ड (ग) र (झ) मा रहेको "इन्स्टिच्यूटहरूको" भन्ने शब्दको सट्टा "अध्ययन संस्थान र अनुसन्धान केन्द्रहरूको" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ज) र (ण) को सट्टा देहायको खण्ड (ज) र (ण) राखिएका छन्:–

"(ज) अध्ययन संस्थान र अनुसन्धान केन्द्रहरूको निरीक्षण गर्नु र त्यस्तो संस्थान वा केन्द्रमा शिक्षण, प्रशिक्षण वा अनुसन्धान कार्यको उचितस्तर कायम राख्न लगाउनु,

(ण) विश्वविद्यालयका शिक्षक तथा प्रशासकीय कर्मचारीहरूको सेवाका शर्तहरू निर्धारण गर्नु",

६. मूल ऐनको दफा ७ मा संशोधन: मूल ऐनको दफा ७ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ:–

"तर विश्वविद्यालय सभाले यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम वा विनियममा उल्लेख गरिएको आफ्नो अधिकारहरूमध्ये सबै वा केही अधिकारहरू उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन, कार्यकारी निर्देशक वा तोकिएबमोजिम स्थापना गरिएका समितिलाई सुम्पन सक्नेछ ।"

७. मूल ऐनको दफा ९ मा संशोधन: मूल ऐनको दफा ९ को, –

(१) खण्ड (घ), (ङ) र (च) को सट्टा देहायको खण्ड (घ), (ङ) र (च) राखिएका छन्:–

"(घ) शिक्षाध्यक्ष (रेक्टर),

(ङ) रजिष्ट्रार,

(च) डीनहरू,"

(२) खण्ड (च) पछि देहायको खण्ड (च १) थपिएको छ:–

"(च १) कार्यकारी निर्देशकहरू,"

८. मूल ऐनको दफा १४ मा संशोधन: मूल ऐनको दफा १४ को उप-दफा (४) मा रहेको "तथा परीक्षा" भन्ने शब्दहरू र सोही दफाको उप-दफा (५)मा रहेको "प्रत्येक इन्स्टिच्यूटको" भन्ने शब्दहरू झिकिएका छन् ।

९. मूल ऐनको दफा १५ मा संशोधन: मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ:–

"१५. डीन, कार्यकारी निर्देशक र अन्य पदाधिकारी: दफा ९ को खण्ड (च), (च १) र (छ) मा उल्लेख भएको डीन, कार्यकारी निर्देशक र अन्य पदाधिकारीको नियुक्ति, सेवाका शर्तहरू, काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ को उप-दफा (१) मा रहेको "विश्वविद्यालय र इन्स्टिच्यूट" भन्ने शब्दहरूको सट्टा "विश्वविद्यालयको" भन्ने शब्द राखिएको छ ।

११. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को उप-दफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) विश्वविद्यालयको लागि प्राप्त सबै रकम,"

मूल ऐनमा दफा २० क. थपः मूल ऐनको दफा २० पछि देहायको दफा २० क. थपिएको छः–

"२० क. अनुसन्धान केन्द्रः (१) विश्वविद्यालयमा तोकिएबमोजिमको अनुसन्धान केन्द्रहरू रहन सक्नेछन्:–

(२) उप-दफा (१) बमोजिमको अनुसन्धान केन्द्रहरूको गठन तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।

(३) अनुसन्धान केन्द्रहरू केन्द्रीय कार्यालयको सामान्य रेखदेख तथा नियन्त्रणमा रहनेछन् ।"

१३. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः–

"२१. राष्ट्रिय विकास सेवाः उच्च शिक्षाको तोकिएको तहमा अध्ययन गर्ने सबै विद्यार्थीहरूलाई कम्तीमा एक शैक्षिक वर्ष तोकिएबमोजिम राष्ट्रिय विकास सेवामा काम लगाएपछि मात्र विश्वविद्यालयले सो तहको उपाधि प्रदान गर्नेछ ।"

१४. मूल ऐनमा दफा २२ क. थपः मूल ऐनको दफा २२ पछि देहायको दफा २२ क. थपिएको छः–

"२२ क. प्राविधिक सम्मेलनः (१) विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरूको समन्वय र मूल्याङ्कन गर्ने तथा नयाँ कार्यक्रमको तर्जुमा गर्न एक प्राविधिक सम्मेलनको गठन गरिनेछ ।

(२) उप-दफा (१) बमोजिमको प्राविधिक सम्मेलनको गठन तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।"

१५. मूल ऐनको दफा २३ मा संशोधनः मूल ऐनको दफा २३ मा रहेको "विश्वविद्यालय वा इन्स्टिच्यूटमा" भन्ने शब्दहरूको सट्टा "विश्वविद्यालयमा" भन्ने शब्द र सोही दफाको खण्ड (ख) मा रहेको "सभाले" भन्ने शब्दको सट्टा "विश्वविद्यालयले" भन्ने शब्द राखिएको छ ।

१६. रूपान्तरः मूल ऐनमा "इन्स्टिच्यूट" भन्ने शब्द प्रयोग भएका ठाउँहरूमा सो शब्दको सट्टा "अध्ययन संस्थान" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०३३।६।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४१